# मधेश प्रदेश सभा
## दोश्रो अधिवेशन
### पहिलो बैठक
दैनिक कार्यसूची
२०८० असोज २३ गते
मंगलवार
दिनको २:०० बजे

**प्रदेश प्रमुखको पत्र**

१. मा० सभामुखले माननीय प्रदेश प्रमुखबाट प्राप्त मधेश प्रदेश सभाको दोश्रो अधिवेशन आव्हान सम्वन्धी पत्र पढेर सुनाउनु हुने ।

**स्थान रिक्तताको जानकारी**

२ मा० सभामुखले प्रदेश सभा सदस्यको स्थान रिक्तता सम्वन्धि प्रकाशित सूचना पढेर सुनाउनु हुने ।

**शोक प्रस्ताव**

३. मा० सभामुखले निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुने :-

प्रदेश सभाको यो बैठक वि.सं. ०७९ सालको प्रदेश सभा सदस्य निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ प्रदेश सभा सदस्य पदमा निर्वाचित, जनआन्दोलन र मधेश आन्दोलनमा अग्रणी भूमिका निर्वाह गर्नुको साथै महिला सशक्तिकरणको अभियन्ताको रुपमा परिचित तथा मधेशी जनअधिकार फोरमबाट राजनीतिक जिवनको शुरुवात गर्दै जनता समाजवादी पार्टी, नेपालको केन्द्रिय सदस्य एवंम महिला संजालको प्रदेश उपाध्यक्ष स्वर्गीय विन्दु कुमारी यादवको ४४ वर्षको उमेरमा मिति २०८० साल भाद्र महिनाको २६ गते मंगलवार बिहानको ८ बजेर ५ मिनेटमा क्यान्सर रोगको उपचारको क्रममा असमायिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछ ।

रंजित कुमार यादव
सचिव